**बटेश्वर गाउँपालिका धनुषाद्धारा प्रकाशित**

**स्थानीय राजपत्र**

**खण्डः२** **संख्याः५** .मिति २०८२/१०/२७

## भाग-२

# बटेश्वर गाउँपालिका

नेपालको संबिधान,२०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बटेश्वर गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने सम्वन्धि ऐन,२०७५ को दफा (४) बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०८२ सालको कार्यबिधि नं.५**

**शिक्षक दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन कार्यविधि, २०८२**

**प्रस्तावना :** लोकतान्त्रिक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार तथा नैतिक चरित्रवान नागरिक तयार गर्न यस गाउँपालिकामा सञ्चालित सबै सामुदायिक विद्यालयहरुको व्यवस्थापनमा सुधार गरी गुणस्तरयुक्त विद्यालय शिक्षा विकास गर्न वाञ्छनीय भएकोले बटेश्वर गाउँपालिकाले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसुची ८ को क्रम संख्या ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड ज(११), बटेश्वर गाउँपालिकाको गाउँ शिक्षा ऐन २०७५ को दफा ४४ र ५४ ले दिएको अधिकार प्रयोग गरी बटेश्वर गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८२/१०/२६ गते वसेको बैठकले शिक्षक दरवन्दी मिलान, सरुवा तथा व्यवस्थापन कार्यविधि, २०८२ पारित गरी लागु गरेको छ ।

## परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम "**शिक्षक दरवन्दी मिलान, सरुवा तथा व्यवस्थापन कार्यविधि, २०८२**" रहेको छ।

ख. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात बटेश्वर गाउँपालिकाभरी  लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क. "गाउँपालिका" भन्नाले बटेश्वर गाउँपालिका वुझ्नुपर्ने छ।

ख. "गा.पा.अध्यक्ष" भन्नाले बटेश्वर गाउँपालिकाको अध्यक्षलाई वुझ्नुपर्ने छ।

ग. "उपाध्यक्ष" भन्नाले बटेश्वर गाउँपालिकाको उपाध्यक्षलाई वुझ्नुपर्ने छ।

घ. "कार्यपालिका" भन्नाले बटेश्वर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्नेछ ।

ङ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बटेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ

च. "गाउँ शिक्षा समिति" भन्नाले बटेश्वर गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्नेछ।

छ. "ऐन" भन्नाले बटेश्वर गाउँपालिकाको शिक्षा ऐन २०७४ लाई सम्झनु पर्नेछ।

ज. "नियमावली" भन्नाले बटेश्वर गाउँपालिकाको शिक्षा नियमावली २०७५ लाई सम्झनु पर्नेछ ।

झ. "तह" भन्नाले बटेश्वर गाउँपालिकामा रहेका विद्यालयको तह सम्झनु पर्नेछ ।

ञ. "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्नेछ ।

ट. "शिक्षा प्रमुख" भन्नाले बटेश्वर गाउँपालिकाको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्यांकन गर्ने तथा ऐन वमोजिम तोकिएको कार्य गर्न खटाएको बटेश्वर गाउँपालिकाको शिक्षा यूवा तथा खेलकुद शाखाको वरिष्टतम कर्मचारी सम्झनु पर्नेछ।

ठ. "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ । सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

ड. "विद्यालय समायोजन" भन्नाले विद्यालय गाभ्ने, ठाउँ सार्ने, नाम परिवर्तन गर्ने, वन्द गर्ने, तह वा कक्षा बढाउने, समेतलाई जनाउछ ।

## परिच्छेद - २

### ३. विद्यालय, विद्यार्थी र शिक्षक संख्या एकिन गर्नुपर्ने :

क) शिक्षक सरुवा तथा व्यवस्थापन गर्नु पूर्व गाउँपालिकामा रहेको सामुदायिक विद्यालयको तह, विद्यालयको संख्या, विद्यार्थीको कक्षागत संख्या तथा शिक्षक संख्या एकीन गर्नुपर्ने छ ।

ख) विद्यार्थी संख्या एकीन गर्दा शैक्षिक सत्रको चालु शैक्षिक सत्रको भर्नाबाट प्राप्त अभिलेखलाई आधार मानिनेछ।

ग) विद्यालयको संख्या एकीन गर्दा समुदायमा विद्यालयको अवस्था, विद्यार्थीको उपलब्धता, नजिकै रहेको अन्य विद्यालयको दुरी सामुदायिक विद्यालयको सुदृढीकरणको आवश्यकता जस्ता विषयलाई मुख्य आधार लिइ विद्यालयको तह र संख्यालाई निर्धारण गरिनेछ ।

घ) शिक्षक संख्या एकिन गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ,धनुषाले उपलब्ध गराएको दरबन्दी तालिकालाई आधार मानी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ८ बमोजिम दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन गरिनेछ ।

ङ) यस कार्यविधि अनुरुप शिक्षक व्यवस्थापन गर्दा गाउँपालिका भित्र रहेको सबै शिक्षक दरबन्दी (राहत समेत) गाउँपालिकाको पुल दरबन्दीमा रहनेछ। शिक्षक दरबन्दी मिलान तथा शिक्षक सरुवा र व्यवस्थापनको कार्य सम्पन्न भई पदस्थापना गरेपछि सम्बन्धित शिक्षकको दरबन्दी तोकिएको विद्यालयमा कायम गरिनेछ।

च) प्र.अ. छनौट तथा व्यवस्थापन कार्याविधि २०८२ बमोजिम प्रधानाध्यापकको छनौट तथा पदस्थापना भैसकेका प्रधानाध्यापकहरुलाई यथावत रहने व्यवस्था हुनेछ ।

छ) विद्यालयमा विद्यार्थी सङख्या कम भएमा दरबन्दी कटौती हुने र बढी भएमा मूल्याङ्कन गरी दरबन्दी थप हुने स्वचालित सरुवा प्रणाली लागू गरिनेछ ।

**४. शिक्षक दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन गर्दा लिईने आधारहरु :**

(क) शिक्षक दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन गर्दा देहायको आधारलाई प्राथमिकता दिईनेछ ।

१. शिक्षक दरवन्दी मिलान गर्दा आधारभूत तह कक्षा १-५ का लागि शिक्षक विद्यार्थी अनुपात १:३० कायम गरिनेछ। अन्य तहलाइ १:५० गरिनेछ । कार्यरत शिक्षक संख्याको आधारमा आधारभूत तह कक्षा १-५ सम्म प्रति विद्यालय न्यूनतम २ जना शिक्षकको दरबन्दी नघटने व्यवस्था गरिनेछ ।

२. शैक्षिक सत्र सुरुको IEMIS र अनुगमन समितिको सिफारिस अनुसारको विद्यार्थी सङ्ख्यालाई मुख्य आधार बनाईने।

३. विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/अस्थायी/राहत/शिक्षण सिकाई अनुदान कोटा/ न.पा. अनुदान र वडा अनुदान समेतमा कार्यरत तहगत शिक्षकको सङख्यालाई आधार लिने।

४. दरबन्दी मिलानका क्रममा बढी हुन आई कटौती हुनु पर्ने दरबन्दीलाई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षकको योग्यता,मूल विषय र निजले प्राप्त गरेको अध्यापन अनुमति पत्रका आधारमा माध्यमिक विद्यालयमा खटाउने र यसरी खटाउँदा सबै भन्दा बढी बिद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिइनेछ । शिक्षकको तोकिएको योग्यता मूल विषय अध्यापन अनुमति पत्र जस्ता प्रमाणित वैयक्तिक विवरण गाउँपालिकाले विद्यालयवाट मगाउन सक्नेछ ।

५. शिक्षक खटाउँदा भरसक माथिल्लो शैक्षिक योग्यता भएकालाई माथिल्लो तहमा अध्यापन गराउने गरी शिक्षक कमी भएका विद्यालयहरुमा खटनपटनको व्यवस्था मिलाइने।

६. सम्बन्धित तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा तल्लो तहको माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकबाट कक्षा सञ्चालनको व्यवस्था मिलाई तत्कालको शिक्षक अभावलाई सम्बोधन गर्दै लैजाने

७. दरबन्दी मिलान गर्दा सकेसम्म विषयगत समस्या न्यून हुने गरी मिलान गर्ने।

८. दरबन्दी मिलानका क्रममा विद्यार्थी सङ्ख्या कम भइ शिक्षक सङ्ख्या कटौतीमा परेका दरवन्दी विद्यार्थी सख्या वढी भएका विद्यालयमा मिलान गर्ने सक्ने।

९. हाल सम्म तहगत र विषयगत दरबन्दी प्राप्त नभएका विद्यालयलाई सम्बोधन गर्ने गरी मिलान गर्ने ।

१०. दरबन्दी मिलान कार्य भनेको शैक्षिक जनशक्तिको सङ्ख्यात्मक र विषयगत मिलान समेत भएकाले शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ मा उल्लेखित तहगत र विषयगत मिलानमा प्रभाव पर्ने गरी विषय परिवर्तन नगर्ने ।

११. कुनै पनि विद्यालयमा शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ मा व्यवस्था भए बमोजिम शिक्षामा उल्लेखित तहंगत र विषयगत दरबन्दीमा एउटै विषयका शिक्षक बढी हुन आएमा विषयगत मिलान हुने गरी पदपुर्ति गर्ने।

१२. दरबन्दी मिलान गर्दा विद्यालयमा आधारभूत तह ( ६-८ ) र मा वि कक्षा (९- १२) सञ्चालन भएको विद्यालयमा तोकिएको न्युनतम दरबन्दी नभएको अवस्थामा सम्भव भएसम्म प्राथमिक तहको पुल दरबन्दीबाट सम्बोधन गर्दै जाने।

१३. अपाङ्गता भएका शिक्षकको हकमा अपाङ्गताको वर्गीकरण अनुसार (क) र (ख) श्रेणीका अपाङ्गता भएका शिक्षकहरु तथा महिला शिक्षिकाहरुलाई सम्भव भएसम्म निजको घर पायक पर्ने गरी व्यवस्थापन गर्न सकिनेछ।

१४. प्रति विद्यालय कम्तिमा १५ जना बालबालिका बालविकास कक्षामा भएमा १ जना बालबिकास शिक्षक अनिवार्य हुने व्यवस्था मिलाइनेछ । हाल सञ्चालनमा रहेका बालबिकास केन्द्रमा कम्तिमा १५ जना बालबालिका हुनुपर्नेछ ।यदि सो भन्दा कम बालबालिका संख्या भएमा निजको दरबन्दी पुलमा राखी अन्यत्र खटाउन सकिनेछ साथै निजको योग्यताको आधारमा आधारभुत तह (१-५) मा खटाउने व्यवस्था गरिनेछ।

१५. विद्यालय शिक्षा एवं शैक्षिक गुणस्तर सुधारका लागि आवश्यकता अनुसार गाउँ शिक्षा समितिको सिफारिसमा पालिका भित्र गाउँकार्यपालिकाको निर्णयानुसार शिक्षक सरुवा गर्न सक्नेछ ।यसरी शिक्षक सरुवा गर्दा आवश्यकता अनुसार प्रत्येक ५/५ (पाँच) वर्षमा सरुवा गर्न सकिने छ।तर गाउँपालिकाको कुनै बिद्यालयमा कम्तिमा १ बर्ष कार्यरत शिक्षकलाई आवश्यकता अनुसार शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार दरवन्दी मिल्ने अर्को बिद्यालयमा सरुवा गर्न सकिनेछ।

१६. नेपाल सरकारबाट नियमित रुपमा एकमुस्ट अनुदान प्राप्त गरेका विद्यालयहरुको हकमा दरबन्दी मिलान सरुवा तथा व्यवस्थापन हुने छैन् ।

१७. सार्वजनिक विद्यालय समायोजन एव् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा ५(१) र (२) बमोजिम समायोजन एकीकरणको आधारमा आवश्यकता अनुसार तह र विद्यालय स्वतः गाभिने छन् ।

१८. एउटै विद्यालयमा लगातार ५ वर्ष भन्दा बढी कार्यरत रहेमा सरुवा गर्न सकिनेछ तर अवकाश हुन २ वर्ष मात्र बाँकी रहेका शिक्षकहरु लाई सरुवा गर्दा निजको सहमतिमा गर्न सकिने छ ।

१९. हाल कायम भएको शिक्षक विद्यार्थी अनुपात भन्दा बढी शिक्षक दरवन्दी स्वत गाउँपालिकाको पुल दरवन्दीको रुपमा रहनेछ । पुलको रुपमा रहेको दरवन्दी गाउँपालिकाले जुनसुकै समयमा विद्यार्थी संख्या बढी भएको विद्यालयमा स्थानन्तरण गर्न सकिनेछ ।

२०. आधारभुत कक्षाको कक्षा १ देखि ५ सम्म शिक्षक विद्यार्थी अनुपातको अधारमा तथा अन्य कक्षाहरुको हकमा शिक्षक विद्यार्थी अनुपात र विषयगत अधारमा शिक्षक व्यवस्थापन गरिनेछ ।

२१. प्रस्तावित यस मापदण्ड अनुसार १ देखि ५ सम्म सञ्चालनमा रहेका विद्यालयमा यदि ४० जना विद्यार्थी सख्याको ६० प्रतिशत विद्यार्थी बढेमा थप १ शिक्षकको दरवन्दी थप्न सकिने व्यवस्था गरिनेछ।

२२. कक्षा ६ देखि १२ कक्षासम्म अध्यापन गराउने शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन, विषयगत नतिजा, SEE को नतिजा र कक्षा ८ को कुनै एक नतिजालाई आधारमानी जुनसुकै समयमा सरुवा तथा व्यवस्थापन गर्न सकिनेछ। आधारभुत तह कक्षा १ देखि ५ को आवश्यकता अनुसार गरिनेछ ।

२३. शिक्षक व्यवस्थापनका लागि स्थायी, राहत र करारका शिक्षकहरुको आवश्यकतानुसार सरुवा गर्न सकिनेछ ।

२३. सामुदायिक विद्यालयमा कार्यरत बालबिकास शिक्षक र विद्यालय कर्मचारीको आवश्यकता अनुसार दरवन्दी मिलान र सरुवा गर्न सकिनेछ ।

**५. जिल्लान्तर तथा अन्तर स्थानीय तह सरुवा सम्बन्धी व्यवस्था** : जिल्लान्तर तथा अन्तर स्थानीय तह सरुवा सम्बन्धी व्यवस्था सङघीय ऐन नियम अनुसार हुनेछ।

**६. कार्यपालिकाबाट स्वीकृत गर्नु पर्ने :** दफा ४ को मापदण्ड बमोजिम शिक्षा, यूवा तथा खेलकुद शाखाले तयार गरेको शिक्षक सरुवा तथा व्यवस्थापनको सूची गाउँ शिक्षा समितिको सिफारिस सहित स्वीकृतिका लागि गाउँ कार्यपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ। कार्यपालिकाबाट स्वीकृति भए पश्चात मात्र सरुवा तथा व्यवस्थापन कार्यको कार्यान्वयन गरिनेछ।

**७. दरबन्दि कट्टा तथा थप्नु पर्ने थप आधार :** (क) शिक्षक सरुवा तथा व्यवस्थापनको कार्य हुँदै गर्दा वा सम्पन्न भएपछि पालिका अन्तर्गतको कुनै विद्यालयमा दरबन्दि कट्टा गर्नुपर्ने भएमा माथि उल्लेखित विषयका अतिरिक्त देहायका विषयहरुलाई आधार लिइनेछ ।

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा विद्यार्थी संख्या न्यून भएमा

२. विषयगत दरबन्दि तोकिएभन्दा बढी भएमा

३. विद्यालयमा कुनै विषय वा तहको दरबन्दि कुनै कारणवश लामो समयदेखि पदपूर्ति हुन नसकी रिक्त रहेको र उक्त दरबन्दि आवश्यक नरहेको भनी वि.व्य.स.बाट सिफारिस भई आएमा ।

(ख) माथि बुँदा (क) अनुसार कुनै विद्यालयको दरबन्दि कट्टा भई वा अन्य कुनै कारणाबाट गाउँपालिकामा दरबन्दि प्राप्त हुन आएमा देहायको आधारमा अन्य विद्यालयमा दरबन्दि थप गरिनेछ :

१. अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने विद्यालय

२. विषयगत आवश्यकताको आधारमा

३. विद्यालयमा शिक्षक विद्यार्थी अनुपातको आधारमा विद्यार्थी संख्या बढी देखिएको विद्यालयहरुमध्ये प्रथमिकताक्रमको आधारमा

४. कुनै विद्यालयका लागि तोकेर आएको दरबन्दिको हकमा उक्त दरबन्दि पनि माथिकै आधारमा वितरण गरिनेछ ।

## परिच्छेद- ३

**७. दरबन्दी मिलानको क्षेत्र :**

(१) गाउँपालिकाले दरबन्दी मिलान गर्दा गाउँपालिका भित्रको सबै विद्यालयको एकै पटक वा आवश्यकता अनुसार गर्न सक्नेछ।

## परिच्छेद- ४

८. विविध

(१) यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु संघीय एवं प्रादेशिक ऐन नियम तथा नेपाल कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(२) कार्यविधिमा भएका बाधा अड्चन फुकाउनु परेमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

**गाउँ कार्यपालिकाकाबाट स्वीकृत मितिः२०८२।१०।२६ गते**

**प्रमाणीकरण मितिः२०८२।१०।२६**

**आज्ञाले,**

**रेवती प्रसाद पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**